# सहकारी विभागको २०७७ वैशाख १ देखि आषाढ मसान्त सम्मको संक्षिप्त (जानकारी) कार्य विवरण

## १. निकायको स्वरुप र प्रकृति

नेपाल सरकार (संघीय) प्रशासनिक नियामक निकाय

## २. निकायको काम कर्तब्य र अधिकार

- सहकारीताको विकासका लागि राष्ट्रीय नीति तर्जुमा तथा कार्यान्वयन पुनरावलोकनमा मन्त्रालयलाई सहयोग पुऱ्याउने,
- सहकारी संघसंस्था तथा बैङ्कहरुको अनुगमनका लागि नेपाल राष्ट्र बैंकसँग समेत समन्वय गरी मापदण्ड, कार्य विधि, निर्देशिकाहरुको विकास गरी मन्त्रालयबाट स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने,
- सहकारी संघसंस्थाहरुको नियामक निकायको हैसियतमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनको कार्यान्वयन सम्बन्धी कार्य गर्ने,
- सहकारी ऐन, नियमावली तथा मन्त्रालयबाट स्वीकृत कार्य विधि बमोजिम अन्तर प्रादेशिक सहकारी संघसंस्था तथा बैंकहरुको निरन्तर अनुगमन गरी आवश्यक सुधारका लागि निर्देशन दिने
- अन्तर प्रादेशिक रुपमा ठूला आयोजना संचालन गर्न स्थापना हुने विशिष्टीकृत सहकारी संघहरुको दर्ता अनुमति तथा नियमन कार्य गर्ने,
- स्थानीय तह तथा प्रदेश सरकारसँगको समन्वयमा एकीकृत सहकारी व्यवस्थापन सूचना प्रणालीको माध्यमबाट सहकारी सम्बन्धी राष्टिय तथ्यांक व्यवस्थापन गर्ने,
- राष्ट्रिय सहकारी महासंघ तथा केन्द्रीय सहकारी संघहरुसँगको समन्वयमा सहकारी क्षेत्रमा सुशासन कायम गर्न आवश्यक कार्य गर्ने,
- स्थानीय तह तथा प्रदेशस्तरका सहकारी संघ संस्थाहरु नियमन तथा प्रवर्धन क्षमता अभिबृद्धि गर्ने कार्य गर्न आवश्यक विषयगत दिग्दर्शन, नमूना निर्देशिका, कार्यविधि तर्जूमाका साथै जनशक्ति विकासका लागि कार्य गर्ने,
- सहकारी विकासका क्षेत्रमा स्थानीय एवं प्रदेशस्तरमा भएका सहकारीका असल अभ्यासको अभिलेखिकरण गरी अनुभव आदान प्रदानको माध्यमबाट सहकारिताको गुणात्मक विकासमा योगदान गर्ने,
- विपन्न, ग्रामीण महिला, अपागंता भएका व्यक्ति, मुक्त कमैया, मुक्तहलिया, भुमीहिन कृषक, बेरोजगार, श्रमिक र दलित तथा अल्पसख्यंक जनजाति समेतका सीमान्तकृत समुदायलाई सहकारीको माध्यमबाट व्यवसायिक र आत्मनिर्भर बनाउन पहल गर्ने,
- सहकारी व्यवसाय, अन्तर सहकारी कारोबार तथा कृषि उपजको मूल्य शृङ्खला विकासका आयोजनाहरूलाई सहयोग पुऱ्याउने,

- सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,
- सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका लागि आवश्यक पहल गर्ने,
- सहकारी क्षेत्रमा वित्तीय सुशासन कायम गरी प्राथमिकताका क्षेत्रमा स्रोत परिचालन गर्न प्रोत्साहित गर्ने,
- सन्दर्भ व्याजदर निर्धारण र पालना गराउने,
- वित्तीय समस्यामा परेका सहकारी संघसंस्थालाई आवश्यकतानुसार समस्याग्रस्त घोषणा गर्न सिफारिश गरी शेयर सदस्यहरुको बचत, शेयर रकम लगाएतका सम्पति सुरक्षण गर्ने/गराउने,
- सहकारी संघसंस्थाहरुको एकीकरण, विभाजन, कार्यक्षेत्र पुननिर्धारण, खारेजी, विघटन तथा लिक्विडेटरको नियुक्ति सम्बन्धी कार्य गर्ने,
- सहकारीका ३ वटै आयामको विकास र प्रवर्द्धनमा कार्य गर्ने/ गराउने ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

- नेपाल प्रशासन सेवा रा.प. प्रथम श्रेणीका अधिकृत रजिष्ट्रार को नेतृत्वमा ३० जना कर्मचारीको स्वीकृत दरवन्दी ।
- प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा, अनुगमन तथा मापदण्ड शाखा, आर्थिक प्रशासन तथा श्रोत परिचालन शाखा र तथ्याङ्क तथा वित्चिय विश्लेषण शाखा गरी ४ वटा शाखा रहेका छन् ।

## ४. निकायबाट प्रदान गरिने सेवा

- सहकारी नीति नियम तर्जुमा तथा ऐन कानूनको कार्यान्यनमा सहजिकरण गर्ने
- सहकारीका ३ वटै आयाम (नियमन प्रवर्द्धन र प्रशिक्षण) को विकास र विस्तारमा केन्द्रित

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

- प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा, उपरजिष्ट्रार श्री सुरेन्द्रराज पैडेल,
- मापदण्ड तथा अनुगमन शाखा, उपरजिष्ट्रार चेमेन्द्र न्यौपाने,
- आर्थिक प्रशासन तथा श्रोत परिचालन शाखा, उप सचिव (लेखा) सुर्य प्रसाद अर्याल ।

## ६. सेवा प्रदान गर्दा लाग्ने दस्तुर

कुनै दस्तुर नलाग्ने

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

- टिप्पणी र आदेश
- शाखा अधिकृत → उपरजिष्ट्रार → रजिष्ट्रार

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

उप रजिष्ट्रार चोमेन्द्र न्यौपाने (गुनासो सुन्ने अधिकारी)

## ९. सम्पादन गरेको कामको विवरण

बन्दावन्दीको समय धेरै (२०७७ वैशाख र जेष्ठ) भएकाले नियमित काम नभएको

- बन्दाबन्दी बक्षात (२०७७ वैशाख र जेष्ठ) नियमित कार्य भएको ।
- गुनासो सुनुवाई देखि अध्ययन अनुसन्धान समेतका कार्य भएका ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

डा. टोकराज पाण्डे (रजिष्ट्रार) प्रमुख ।

सुरेन्द्रराज पैडेल (उप रजिष्ट्रार) सूचना अधिकारी ।

## ११. ऐन नियम विनियम वा निर्देशिकाको सूची

- माग गरेको अवधिमा नभएको/ सहकारी सस्थाहरुलाई परिपत्र, निर्देशन जारी गरिएको ।

## १२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण

२०७७ साल बैशाख १ देखि आषाढ मसान्त सम्मको जम्मा खर्च रु. ६०७९८०५०.६०

## १३. तोकिए बमोजिमका अन्य विवरण

नभएको

## १४. अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सन्चालन गरेको भए सोको विवरण

नभएको

## १५. वेभसाईट भए सो को विवरण

www.deoc.gov.np

## १६. प्राप्त गरेको बैदेशिक सहायता ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

नभएको

## १७. संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

नभएको

## १८. बर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समयावधि

त्यस प्रकारको सूचना नभएको

## १९. सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिएको विषय

- लिखित निवेदन प्राप्त नभएको/टेलिफोनबाट माग गरेका सूचनाको तुरुन्त जानकारी गराइएको
- अग्राधिकार दिनु पर्ने विषय भएमा विद्युतीय माध्यमबाटै ससुचित गराउने गरिएको

## २०. सूचना अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण

नभएको ।